मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग–२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# शिक्षा विकास कोष सञ्चालन कार्यविधि २०७७

कार्यपालिकाबाट पारित मिति : २०७४/०६/०६

**प्रस्तावना :**

मल्लरानी गाउँपालिका स्थापना गरिएको शिक्षा विकास कोषको सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मल्लरानी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "शिक्षा विकास कोष सञ्चालन कार्यविधि २०७७" रहनेछ ।

ख) यो कार्यविधि मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।



Scanned with CamScanner

ग) यो कार्यविधि मल्लरानी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा निम्न अनुसार सम्झनुपर्छ-

क) कोष भन्नाले शिक्षा विकास कोषलाई सम्झनुपर्छ ।

ख) गाउँपालिका भन्नाले मल्लरानी गाउँपालिकालाई सम्झनुपर्छ ।

ग) कार्यपालिका भन्नाले मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मल्लरानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) लेखा प्रमुख भन्नाले मल्लरानी गाउँपालिकाको लेखा शाखा प्रमुखलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य र सञ्चालन प्रक्रिया :

३. **कार्यक्रमको उद्देश्य :**

- शिक्षाका आकस्मिक कार्यक्रमहरु सम्पादन गर्नु ।
- विद्यालयका समस्याहरुलाई सम्बोधन गर्नु ।
- विद्यालयका अधुरा कार्यहरु पूरा गर्न सहयोग गर्नु ।

## परिच्छेद ३
## कोषको स्थापना र संचालन :

४. **कोषको स्थापना**

क) मल्लरानी गाउँपालिकामा शिक्षा विकास कोष स्थापना गरी सरकारी बैंकमा गाउँपालिकाको नाममा कोषको छुट्टै खाता सञ्चालन गरिनेछ ।

ख) गाउँ कार्यपालिका कोषको संचालक समितिको रुपमा रहने छ ।

५. **कोषको सञ्चालन प्रक्रिया :**

क) कोषको रकम कार्यपालिकाको निर्णय बमोजिम खर्च गरिनेछ ।

ख) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।



Scanned with CamScanner

## परिच्छेद- ४
## विविध

**५. कोषमा रहने रकमहरु :**

क) गाउँपालिकाले कोषका लागि छुट्याइएको रकम ।

ख) अन्य स्रोतबाट प्राप्त रकम ।

**६. कोषको रकम खर्च गरिने क्षेत्रहरु :**

कोषको रकम देहाय बमोजिमका क्षेत्रमा खर्च गर्न सकिनेछ-

क) शिक्षामा भैपरी आउने खर्च ।

ख) समानिकरण अनुदान तर्फका कार्यक्रमको नपुग रकम ।

ग) वार्षिक बजेटमा उल्लेख नभएका तर सञ्चालन गर्नुपर्ने कार्यक्रम ।

घ) गाउँ कार्यपालिकाले आवश्यक ठानेको शिक्षाको अन्य क्षेत्र ।

**७. कोषको लेखापरीक्षण :**

कोषका लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आय व्याय विवरणको लेखा राख्ने र आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ ।

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner